# साझा यातायात

सहकारी

## साझा यातायातको

## प्रमुख कार्यकारी अधिकृत पदको नियुक्तिका लागि दरखास्त आह्वान

गो.प.मा प्रकाशित मिति : २०८१/०९/२९ गते)

साझा यातायातमा रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित मितिले २१ (एक्काइस) दिनभित्र (आवेदन दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट) साझा यातायातको प्रधान कार्यालय, पुल्चोक, ललितपुरमा रीतपूर्वक दरखास्त आह्वान गरिन्छ । निर्धारित मितिभित्र प्राप्त हुन नआएको तथा रीत नपुगेको दरखास्त स्वीकृत हुने छैन ।

१. **योग्यता तथा अनुभव:**

(क) मान्यता प्राप्त विश्व विद्यालयबाट व्यवस्थापन, कानून, अर्थशास्त्र, वाणिज्य शास्त्र, जनप्रशासन वा इन्जिनियरिङ विषयमा कम्तिमा स्नातकोत्तर वा सो सरहको शैक्षिक उपाधि हासिल गरेको ।

(ख) कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृत स्तरमा कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणी वा दशौँ तह वा सो सरहको पदमा सात वर्ष काम गरी कार्य अनुभव हासिल गरेको ।

(ग) दरखास्त दिने अन्तिम मितिसम्म पैंतीस वर्ष उमेर पूरा गरेको ।

(घ) दरखास्त दिने अन्तिम मितिसम्म त्रिसठ्ठी वर्ष उमेर ननाघेको ।

२. **दरखास्त पेश गर्ने प्रक्रिया:**

(क) दरखास्त साथ साझा यातायातको वेबसाइट www.sajhayatayat.com.np मा प्रकाशित प्रमुख कार्यकारी अधिकृत पदको पदपूर्ति सम्बन्धी कार्यविधि, २०८१ को दफा ६ बमोजिमको कागजात तथा विवरण र सोही दफाको उपदफा (२) अनुसारको स्वघोषणाको व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(ख) दरखास्त पेश गर्दा शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण र २ प्रति पासपोर्ट साइजको फोटो तथा उपरोक्त कार्यविधिको दफा ८ बमोजिमको व्यावसायिक कार्ययोजना (पाँच हजार शब्दमा नबढ्ने गरी) एक प्रति लाहाछाप लगाई खामबन्दी गरी साझा यातायातको कर्मचारी प्रशासन विभागमा पेश गर्नुपर्नेछ । साथै, सोको Soft Copy समेत खामबन्दी गरी लाहाछाप लगाई पेस गर्नुपर्नेछ । खामबन्दी प्रस्तावको खामबाहिर "साझा यातायातको प्रमुख कार्यकारी अधिकृत पदका लागि आवेदन तथा व्यावसायिक कार्ययोजना" उल्लेख गरेको हुनुपर्नेछ । व्यावसायिक कार्ययोजनाको प्रथम पृष्ठ अनुसूची-४ मा तोकिएको ढाँचाको कभर पेज संलग्न गर्नुपर्नेछ र कभर पेजमा उम्मेदवारको तोकिएको विवरण मात्र भर्नुपर्नेछ ।

(ग) बहालवाला कर्मचारीले आवेदन गर्न चाहेमा सेवारत निकायबाट विभागीय स्वीकृति प्रदान गरिएको पत्र संलग्न गर्नुपर्नेछ ।

३. **व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण**: छनोट सूची (Short Listing) मा परेका उम्मेदवारले आफुले पेस गरेको व्यावसायिक कार्ययोजना तोकिएको मिति र समयमा प्रस्तुतीकरण गर्नुपर्नेछ ।

४. **दरखास्त दस्तुर**: दरखास्त दस्तुर बापत साझा यातायातको नाममा राष्ट्रिय वाणिज्य बैंक, पुल्चोक शाखामा रहेको खाता नम्बर ११४०१००००००३७००१ मा दरखास्त दस्तुर बापत रु. ५,०००|- (अक्षरुपी पाँच हजार) मात्र जम्मा गरेको भौचर (कनेक्ट आइपीएस वा अनलाइन प्रणालीबाट रकम जम्मा गरेको भए सोको प्रिन्ट) पेश गर्नुपर्नेछ ।

५. **पारिश्रमिक:** प्रमुख कार्यकारी अधिकृतलाई करारमा उल्लेख भए बमोजिमका शर्तहरूका आधारमा मासिक पारिश्रमिक तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ ।

६. **अन्य विवरण :**

(क) साझा यातायातको प्रमुख कार्यकारी अधिकृत सिफारिस कार्यविधि, २०८१ सम्बन्धमा www.sajhayatayat.com.np बाट जानकारी लिन सकिनेछ ।

(ख) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त रीतपूर्वक नदेखिएमा सिफारिस उपसमितिले कुनै कारण उल्लेख गरी वा नगरी जुनसुकै समय रद्द गर्न सक्नेछ ।

(ग) झुट्टा विवरण वा कागजात पेश गरेमा जुनसुकै समय आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(घ) यस सम्बन्धी थप जानकारीका लागि साझा यातायातको कर्मचारी प्रशासन शाखामा वा टेलिफोन नं. ०१-५४५२६८६ वा इमेल ठेगाना : info.sajhayatayat@gmail.com मा सम्पर्क गर्न सकिनेछ ।

**नोट:-** १) **दरखास्त पेश गर्ने स्थान** :- साझा यातायातको केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर ।

२) साझा यातायातको विनियमावली, २०६१ साझा यातायात कर्मचारी प्रशासन विनियमावली, २०७६ र साझा यातायातको प्रमुख कार्यकारी अधिकृतको कार्यविधि २०८१ साझा यातायातको वेबसाइट www.sajhayatayat.com.np बाट प्राप्त गर्न सकिनेछ ।